# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमति प्रदेश, नेपाल ।

प.सं.०७७/०७८

च.नं.

मितिः-२०७७/१०/१२

विषय : निवेदन माग गरिएको ।

गाउँपालिका भित्रका सवै सामुदायिक विद्यालयहरु,

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७७/०७८ को लागि संघीय सरकारवाट SSDP कार्यक्रम अन्तर्गतका विभिन्न शीर्षकमा प्राप्त सशर्त अनुदान साथै स्थानीय सरकारवाट यस आ.व को लागि आन्तरिक स्रोतवाट तोकिएका कार्यक्रमहरु सम्पन्न गर्न विनियोजन गरिएको अनुदान रकम यस गाउँपालिका अन्तगर्तका सामुदायिक विद्यालयलाई वितरण गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित आवस्यक कागजातसम्लग्न गरी यो सूचना प्रकासित भएको मितिले ३० दिन भित्र गाउँकार्यपालिकामा निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

तपसिलः

| क.सं | कार्यक्रमको नाम | विनियोजित रकम रु | दर रु | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | तोकिएको सूचकांकको आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | २५०००० | ५०००० | ५ | |
| २ | उत्कृष्ठ सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकरण प्रोत्साहन अनुदान | २००००० | २००००० | १ | |
| ३ | शिक्षकको शिक्षण सिकाइमा समय विताउने समयावधी सुधार योजना कार्यान्वयन अनुदान | १०००० | २००० | ५ | |
| ४ | पूस्तकालय स्थापना तथा व्यवस्थापना | ६५०००० | ६५०००० | १ | |
| ५ | शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान | ६५०००० | ६५०००० | १ | |
| ६ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला | ६५०००० | ६५०००० | १ | |
| ७ | गणित, विज्ञान र अंग्रेजी विषयका लागि कियाकलापमा आधारित सामग्री KITS अनुदान | ५०००० | ५०००० | १ | |
| ८ | WASH सुविधा सहितको सौचालय निर्माण अनुदान | १४००००० | ७००००० | २ | |
| ९ | कक्षा ११ र १२ संचालित विद्यालयलाई पा.पु खरिद अनुदान | १५०००० | ५०००० | ३ | |
| १० | मा.वि मा इन्टरनेट जडान र सञ्चालन खर्च | ९६००० | १२००० | ८ | |

देवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमति प्रदेश, नेपाल ।

प.सं.०७७/०७८
च.नं.

मितिः-२०७७/१०/१२

**सर्त तथा संलग्न गर्नुपर्ने कागजातहरुः**

**क.सं १.तोकिएको सूचकांकको आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान**

१. विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ अनुसारको विवरणमा स्वः मुल्याङ्कनको खण्ड भरी पेशगर्नु पर्नेछ ।

२.अनुदान रकम बाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धि विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ ।

३.शिक्षण सिकाई समयमापन सम्वन्धि कार्यविधि लागुगरेको सुनिश्चितता हुनु पर्नेछ ।

**क.सं २ .उत्कृष्ठ सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकरण प्रोत्साहन अनुदान**

१.विगत ३ शैक्षिक सत्रको कक्षा ८, एसइई रकक्षा १२को नतिजा विश्लेषण गरी त्यसको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

२.अनुदान रकमबाट आफ्नो विद्यालयको सिकाई उपलब्धि बढाउने र आफ्ना असल अभ्यासहरू न्युन सिकाई उपलब्धि भएका विद्यालयहरूलाई अनुभव आदान प्रदान गर्नका लागि प्रर्वतनात्मक क्रियाकलाप सहितको प्रस्तावना पेश गर्नु पर्नेछ ।

३.खरिद गरेका सामग्रीहरुको जिन्सी दाखिला रिपोर्ट, बील तथा भर्पाइ को प्रतिलिपी गाउँकार्यपालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

**क.सं ३ .शिक्षकको शिक्षण सिकाइमा समय विताउने समयावधी सुधार योजना कार्यान्वयन अनुदान**

१.समयावधी सुधार कार्य योजना पेश गर्नु पने छ ।

**क.सं ४ .पूस्तकालय स्थापना तथा व्यवस्थापना**

१.हाल सम्म पनि लाइब्रेरी नभएका, विगत आ.व.हरूमा उक्त प्रकारको अनुदान नपाएका, विद्यार्थी संख्या उच्च रहेका, र लाइब्रेरी व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेको हुनु पर्ने छ ।

२. माध्यामिक तथा आधारभूत (१-८) कक्षा सञ्चालन भएका विद्यालयले मात्र निवेदन दिन सक्ने छन् ।

३.प्राप्त अनुदान रकमवाट पाठ्यपुस्तक,पाठ्यक्रम,शिक्षक निर्देशिका, सन्दर्भ सामग्री साथै पुस्तक र्‍याक, कुर्ची टेवल लगायतका सामग्री सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्नु पर्ने छ।

४.यस कार्यक्रबाट प्राप्त हुने अनुदान बाट विद्यार्थीहरूको दैनिक पठन पाठन संग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामाग्रीहरू खरिद गर्न पाइने छैन ।

५. खरिद गर्ने पूस्तक तथा सामग्रीको सूचि र कार्य योजना सहितको प्रस्ताव पत्र पेश गर्नु पर्ने छ ।

६. हालसम्म प्राप्त नगरेका विद्यालयहरुले मात्र यस किसिमको कार्यकमको लागिनिवेदन दिन सक्नेछन् ।

७.खरिद गरेका सामग्रीहरुको जिन्सी दाखिला रिपोर्ट, बील तथा भर्पाइ को प्रतिलिपी गाउँकार्यपालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमति प्रदेश, नेपाल ।

**प.सं.**०७७/०७८

**च.नं.**

मितिः-२०७७/१०/१२

**<u>क.सं ५ शिक्षण सिकाइमा ICTको प्रयोगका लागि अनुदान</u>**

१. विद्यालयमा नियमित विद्युत आपुर्तिको व्यवस्था हुनु पर्ने छ ।

२. विद्यालयले माध्यामिक तहमा गणित, अंग्रेजी र विज्ञान विषय पठाई रहेका शिक्षकको ICTको माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्नु पर्ने छ ।

३. ICT Lab का लागि चाहिने सामाग्री Kits, र Networking, Internet आदि खरिद तथा व्यवस्थापन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण गरिएको Specification का आधारमा ICT व्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर,उपकरण,सप्टवेयर,विद्युतिय अन्तरकृयात्मक श्रव्य-दृष्य सिकाई सामाग्री खरिद तथा व्यवस्थापनको सुनिश्चितता कायम गर्नु पर्ने छ ।

४. विद्यालयले नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार र Specification को परिधि भित्र रही सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रकृयाहरू पुरा गरी सामाग्री खरिद गर्नु पर्ने ।

५. यस किसिमको कार्यकम हालसम्म प्राप्त नगरेका विद्यालयहरुले मात्र निवेदन दिन सक्नेछन ।

६. खरिद गरेका सामग्रीहरुको जिन्सी दाखिला रिपोर्ट, बील तथा भर्पाइ को प्रतिलिपी गाउँकार्यपालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

**<u>क.सं ६ माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला</u>**

१. विगतमा यस प्रकृतिको अनुदान नपाएका, विद्यार्थी संख्या धेरै भएका,विज्ञान विषय पढाइ भएका र प्राविधिक धार सञ्चालन भएका, विद्यालयलाई छनौटमा अग्राधिकार दिइनेछ ।

२. यस कार्यक्रम मार्फत अनुदान पाएका विद्यालयले नमुना विद्यालय सञ्चालननिर्देशिका २०७४ को अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्नु पर्ने छ ।

३. खरिद गरिएको सामग्रीको जिन्सी दाखिला गरेको रिपोर्ट र खरिद बीलको प्रतिलिपी समेत निवेदन साथ समावेश गर्नु पर्ने छ ।

४.प्रयोगशालाको प्रयोग, संञ्चालन तथा व्यवस्थापन सम्वन्धि विस्तृत प्रस्तावना पत्र पेश गर्नु पर्ने छ ।

५.यस किसिमको कार्यकम हालसम्म प्राप्त नगरेका विद्यालयहरुले मात्र निवेदन दिन सक्नेछन ।

**<u>क.सं ७.गणित, विज्ञान र अंग्रेजी विषयका लागि कियाकलापमा आधारित सामग्री KITS अनुदान</u>**

१. खरिद गरिने पूस्तक तथा सामग्री सहितको प्रस्ताव पत्र पेश गर्नु पर्ने छ ।

२.यस कार्यक्रम मार्फत सामाग्री अनुदान पाएका विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्र बाट स्वीकृत एवंम् विकास गरिएको गणित, अंग्रेजी र विज्ञान विषयको सामाग्री खरिद तथा व्यवस्थापन गर्नु पर्ने छ ।।

३ खरिद गरेको सामग्रीको जिन्सी दाखिला गरेको रिपोर्ट, बील र भर्पाइको प्रतिलिपी समेत निवेदन साथ समावेश गर्नु पर्ने छ ।

४.यस किसिमको कार्यकम हालसम्म प्राप्त नगरेका विद्यालयहरुले मात्र निवेदन दिन सक्नेछन ।

देवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमति प्रदेश, नेपाल ।

प.सं.०७७/०७८

च.नं.

मिति:-२०७७/१०/१२

**क.सं ८ WASH सुविधा सहितको सौचालय निर्माण अनुदान**

१. पानीको नियमित आपूर्तिको अवस्था सहितको प्रस्ताव पत्रपेश गर्नु पर्ने छ ।

२.विद्यालयले शौचालय निर्माण गर्दा छात्रछात्रालाई छुट्टाछुट्टै निर्माण गर्नुपर्नेछ वा प्रवेशद्धार विपरित दिशाबाट राख्नु पर्नेछ ।

३.शौचालयको सरसफाईको लागि प्रशस्त पानीको व्यव्रस्था हुन पर्नेछ ।

४.प्रयाप्त शौचालय भएका विद्यालयहरूमा लागत अनुमानका आधारमा पानीको व्यवस्थाको लागि मात्र खर्च गर्न सकिने छ । ट्युवेल गाड्दा,जडान गर्दा सेप्टि ट्याङ तथा सोकपिटबाट कम्तीमा पनि ३० मिटर टाढा गाड्नु पर्नेछ ।

५. शौचालयको ड्रईङ डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसार हुनु पर्नेछ ।

**क.सं ९ कक्षा ११ र १२ संचालित विद्यालयलाई पा.पु अनुदान**

१.खरिद गर्नु पर्ने पूस्तकको सूचि सहितको प्रस्ताव पत्रपेश गर्नु पर्ने छ ।

२ .विद्यार्थीहरुले मिति तोकि पाठ्यपुस्तक लैजाने र अनिवार्य रुपमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

३. पाठ्यकम विकाश केन्द्रले स्विकृत गरी सार्वजनिक गरेका सन्दर्भ सामग्री मात्र खरिद गर्नु पर्ने छ ।

देवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

......................
देवराज चौलागाईं
प्रमुख प्रसाशकीय अधिकृत

**पुनश्चः**

१तोकिएको शिर्षक वाहेक अन्य शीर्षकमा रकम खर्च गर्न पाइने छैन ।

२.निवेदन दिने विद्यालयहरुले अघिल्लो वर्ष प्राप्त गरेका कार्यकमको प्रगति प्रतिवेदन, २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन र विद्यालय सुधार योजना अनिवार्य रुपमा पेश गरेको हुनु पर्ने छ ।

३.विद्यालय व्यवस्थापन समितिको गठन भएको हुनु पर्ने छ ।